सभाका सदस्यज्यू,

यस गरिमामय सभामा जन्तेढुङगा गाउपालिकाको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउदा गौरवान्वित महसुस गरेको छु। बार्षिक नीति तथा कार्यक्रम तर्जुमाको क्रममा गाउपालिकाको सुझाव संकलन कार्यक्रम आयोजनामा उपस्थित भई आ-आफ्नो राय सुझाव दिनु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार साथै गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

यस अवसरमा राष्ट्र हित लोकतन्त्र, र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जन-आन्दोलन, स-शस्त्र संघर्ष, त्याग र बलिदानको, गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता घाईते अपाङ्गहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु।

"मेरो सपनाको जन्तेढुङ्गा" गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी लै.स.सा.स, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी नागरिकको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र, समुदाय तथा सहकारीको साझेदारीमा विकास गर्न प्रतिद्धध छौ ।

गाउँपालिकालाई कृषि र पशुपंक्षीको उत्पादनमा निर्यात योग्य वनाउने, पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, जिवन उपयोगि शिक्षा, गुणस्तरिय स्वास्थ्य र रोजगारीलाई व्यस्थित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध पुर्वाधार एवम मानविय विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएको छ।

आदरणीय गाउँ सभा सदस्यज्यु,

संघीय सरकार तथा प्रदेश सरकारको राजश्व परिचालनमा प्रभाव परेकोले स्थानीय तहले पाउनु पर्ने राजस्व तथा वित्तीय हस्तारणमा नकारात्मक असर स्थानिय तहमा पनि निरन्तर परि रहेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन १५ सय देखि २ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण गाउँपालिकाका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ योग्य खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ गाउँपालिका भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको प्रत्याभूती जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौतीहरू**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछन:

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४। गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५। सबै वडामा कच्ची सडक पूर्वाधारको पहुँच हुनु ।

६। धार्मिक, भौगोलिक,प्राकृतिक र ऐतिहासिक पर्यटकीय क्षेत्रको उपलब्धता हुनु ।

७। जनतामा जनचेतनाको विकास हुँदैजानु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१। रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२। गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

३। युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

४। ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

५। कृषकले उत्पादन गरेको कृषि तथा पशुपन्छी उपजलाई बजार सम्म पुर्याउनु |

६। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७। निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८। सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९। अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

१०। बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना लागु गर्नु |

११। बिद्युत तथा सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१२. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

१३. अत्याधिक रुपमा भई रहेको बसाईसराई रोक्नु |

आदरणीय गाउँसभा सदस्यज्यूहरु,

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस गाउँपालिकामा यस आर्थिक बर्षमा हाल सम्म १७९७५मि.(३० वटा) नया कच्ची सडक बिस्तार गरिएको छ । गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ।गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सवारी साधन चल्ने सडक पूर्वाधार विस्तार गरेको छ ।सदरमुकाम तथा तराई जोड्ने सडकहरुको बिस्तार गरिएको छ |

**सिंचाइः**

यस गाउँपालिकामा यस आर्थिक बर्षमा हाल सम्म गाउँपालिकाका, प्रदेश सरकार, संघिय सरकारको तथा साना सिचाईको सहकार्यमा १२ वटा सिंचाइ योजना सम्पन्न हुने चरणमा रहेको छ ।

**सामाजिक विकास**

१. कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ ।
२. अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण कार्य सम्पन्न भएको छ ।
३. विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।
४. महिला वालवालिका र यवामा स्थानिय सरकारसंगको सचेतना अभिवृद्धि भएको छ ।

**स्वास्थ्यः**

१. गाउँपालिकामा रहेको १५ शैय्याको अस्पताल निर्माणाधीन छ।
२. स्वास्थ्य शाखाको बार्षिक कार्यक्रम समयमै सम्पन्न भएको छ ।
३. स्वास्थ्य कर्मीहरुलाई विभिन्न प्रकारका स्वास्थ्य सम्बन्धि क्षमता अभिबृद्धि तालिम कार्यक्रम संचालन भएको छ ।
४. पूर्ण खोप सुनिस्चितत्ता दिगो पना कार्यक्रम सम्पन्न भएको छ ।
५. औषधि खरिद गरि सेवाग्राहीहरुलाई निशुल्क वितरण गर्ने कार्य भएको छ ।

**शिक्षाः**

१. नेपालको संबिधान बमोजिम आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सुची भित्र रहेको र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आधारभूत तह कक्षा ८ को परिक्षा फरक बिद्यालयको फरक केन्द्राध्यक्ष तोकी परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण र प्रमाणीकरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ।
२. लक्ष्मी मा.वि. काहुलेलाई आवसिय विद्यालय संचालन स्वीकृती दिइएको छ।
३. राष्ट्रिय पाठयक्रम प्रारूप २०७६ अनुसार स्थानीय बिषयको पाठ्यक्म निर्माण तथा स्वीकृत (१-५) (६-८) भई कार्यान्वयनमा आएको छ ।
४. नेपालको बर्तमान संबिधानको शिक्षा सम्बन्धी हक (धारा ३१ )को उपधारा ५ मा मातृभाषामा शिक्षा पाउने हकको सुनिश्चितताका लागि र बिद्यालयले नै ऐच्छिक बिषय छनौट गरि अध्ययन अध्यापन गराउने नीति अनुसार बान्तवा र पुमा भाषा लाइ निरन्तरता दिनु आवश्यक व्यवस्था गरिएको छ ।
५. शैक्षिक गुणस्तर अभिबृद्धि गर्न बाल विकास केन्द्र सहजकर्ता, प्रधानाध्यापक, शिक्षक, बिद्यालय ब्यबस्थापन समिति, समावेशि शिक्षा, एकिकृत पाठ्यक्रम प्रबोधिकरण, एकिकृत शैक्षिक सुचना प्रणाली, जिन्शी व्यस्थापन, सूचना प्रविधि सम्वन्धी क्षमता अभिबृद्धि सम्म्बधी तालिम कार्यक्रम सम्पन्न भएको छ ।
६. जन्तेढुङ्गा गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरुका गतिबिधीहरुमा एकरुपता ल्याउनुका लागि गाउँपालिका स्तरीय शैक्षिक कार्यपात्रो निर्माण तथा बितरण कार्य सम्पन्न भएको छ ।
७. विद्यार्थीको स्व-अध्ययन सिकाईलाई उत्प्रेरित गर्न बैकल्पिक स्व-अध्ययन सामाग्रि र शिक्षण कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न शिक्षक निर्देशिका बितरण कार्य सम्पन्न भएको छ ।
८. राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता, विज्ञान प्रदशनी, हाजिरी जवाफ प्रतियोगिता संचालान भएको छ ।
९. रिक्त स्थानमा शिक्षक तथा कर्मचारी पदपुर्ति गरिएको छ ।
१०.

**युवा तथा खेलकुदः**

१. गाउँपालिकाको आर्थिक सहयोगमा अध्यक्ष कप अन्तरपालिका स्तरीय पुरूष भलिबल प्रतियोगिता सम्पन्न भएको छ ।
२. खेलाडिहरु सहभागिता तथा वडाहरुमा खेलकुद आयोजना सम्पन्न भएको छ ।

**कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगारका क्षेत्रमा भएका उपलब्धी**

**कृषिः**

१. कृषि यन्त्रीकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
२. प्लास्टिक टनेल वितरण मार्फत बेमौसमी तरकारी खेति प्रवर्द्धनमा सहयोगलाई निरन्तरता दिइएको छ ।
३. फौजी किरा लाही किरा तथा अन्य रोग किरा नियन्त्रण को लागि बिषादी वितरण भएको, छ ।
४. प्रत्यक वडामा कृषक भेला गरि कृषक सञ्जाल गठन गरिएको छ ।
५. कृषि प्राबिधिकहरु बाट कृषकको घर खेत अनुगमन गरि आवस्यक परामर्स सेवा प्रदान भएको छ ।
६. सूचना प्रकासन गरि कृषि प्राबिधिक हरु संग कृषकको सहज सम्पर्कको लागि जोड दिइएको छ ।
७. अदुवा , वेसार जस्ता नगदेवालीलाई प्रोत्साहित गरिएको छ ।
८. जैविक मल उत्पादन कार्यलयलाई निरन्तरता दिइएको छ ।
९. रैथाने वाली संरक्षण र प्रवद्धनलाई जोड दिइएको छ ।
१०. माछा पालन सम्बन्धी तालिम प्रदान गरिएको छ ।

**पशुपन्छीः**

१. पशुपंक्षीको औषधि खरिद गरी निशुल्क वितरण गरेर सबै वडाका कृषकहरुलाई लाभान्वित गरिएको छ ।
२. कृषकहरुको पशुधनको रक्षा गर्न घर दैलो सम्म पुगेर सेवा प्रवाह पुर्याइएको छ ।
३. प्रदेश भेटेरिनरी अस्पताल, गाईघाट संगको समन्वय र गाउँपालिकाको आन्तरिक श्रोतबाट पशुपंक्षीहरुको रेबिज, पिपीआर, रानीखेत, स्वाइन फिवर आदि जस्ता आक्रामक रोगहरु विरुद्दको खोप संचालनलाई निरन्तरता दिइएको छ ।

**उद्योग तथा रोजगारः**

१. बाँसको फर्निचर तथा हस्तकला सीपविकास तालिमलाई पुनर्ताजकि तालिम संचालन गरिएको छ ।
२. मौरीपालनलाई निरन्तरता दिंदै घार निर्माण लगायतको तालिम प्रदान गरिएको छ ।
३. वडा नं १ देविस्थानमा केराका परिकार बनाउने तालिम संचालन गरिएको छ ।
४. सीपविकास गरि प्रविधि हस्तान्तरण गरिएको छ ।
५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ७९ जनालाई १०० दिन वराबरको रोजगारी सिर्जना गरिएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. बन, जलाधार ब्यबस्थापनलाई समेट्ने गरि यसबाट प्राप्त हुने जैविक बिबिधता, बन्यजन्तु, बनस्पति, उद्यम र पर्यटनको पुर्वाधारको बिस्तार गरिएको छ ।
२. दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले यस बर्षमा  २ वटा ऐन, ० निर्देशिका, ३ कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याएको छ | यस गाउँले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ८०%  अंक प्राप्त गरेको छ । राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएकोछ ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

गाउँसभा सदस्य ज्यु,

अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**कृषि सम्बन्धी नीति तथा कार्यक्रम**

"उत्पादन तपाई गर्नुहोस बजार हामि दिन्छौ "|

१. जन्तेढुङ्गा गाउँपालिकाको उत्पादन आयआर्जन र रोजगारी सृजना हुने मुख्य कृषि र पशु पालन नै भएको र अधिकांश जनता यसैमा निर्भर रहेको हुँदा यसलाई निर्वाहमुखिबाट व्यवसायीकरण तर्फ उन्मुख गराउनका लागि बिभिन्न कार्यक्रम संचालन गर्ने नीति लिईनेछ |

२. कृषिलाइ व्यवसायीक तथा आधुनिक बनाउन मागमा आधारित कृषक गाउँपालिका यन्त्रीकरण साझेदारी कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

३. कृषि तथ्यांक संकलन बाट बास्तविक कृषक पहिचान गरि आवस्यक कार्यक्रम तय गरि लागु गरिनेछ |

४. उत्पादित स्थानीय कृषि बस्तुको संकलन तथा बजारीकरणको व्यवस्था मिलाइनेछ |

५. निर्माणाधिंन रहेको शित भण्डार सम्पन्न गरि संचालनमा ल्याईनेछ |

६. कृषि उत्पदान तथा उत्पादकत्व वृद्धि गर्न बाझो जमिनमा सामुहिक खेतिलाइ प्रोत्साहन गर्ने नितिलाई निरन्तरता दिईनेछ |

७. कृषि उत्पादनलाई क्षति पुर्याउने बन्यजन्तुलाई नियन्त्रण एवं व्यवस्थापन गर्न पहल गर्ने नीतिलाई निरन्तरता दिईनेछ |

८. प्रत्येक वडामा गठित कृषक संजाललाई कार्यविधि बनाई परिचालन गरिनेछ ।

९. कृषिमा अनुगमन कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ |

१०.खाद्यान्न बालीको उत्पादन वृद्धि गर्न बीउ अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ |

११.तरकारीको उन्नत बिउमा कृषकको पहुच बढाऊन उन्नत तरकारीको बिउ वितरण कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ |

१२.सुन्तला, कफि जन्य बालि लगायत नगदे वालिको उत्पदान तथा उत्पादकत्वलाई विशेष प्राथमिकता दिइनेछ ।

१३. जन्तेढुङ्गाको पहिचान उत्पादनमा अनुदान" कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१४.बेमौसमी तरकारी उत्पादन गर्ने कृषक समुहहरुलाई प्लास्टिक टनेल थोपा सिचाई लगायतका उत्पादन , | सामग्रीमा अनुदान कार्यक्रम संचालन गरिनेछ

१५.कृषि प्राबिधिक हरुलाई उत्प्रेरणा जगाउन थप सेवा सुविधाको प्रबन्ध मिलाइनेछ |

१६.रोग किरा नियन्त्रण गरि उत्पादन वृद्धि गर्न बाली संरक्षण कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ लागु गरिनेछ |

१७.माटोको गुणस्तर बढाइ उत्पादन वृद्धि गर्न माटो सुधार कार्यक्रम संचालन गरिनेछ|

१८.कृषक को आयआर्जन वृद्धि गर्न साना कृषि बस्तु प्रसोधन उद्योग सहयोग कार्यक्रम संचालन गरिनेछ|

१९.प्रविधि प्रसारको लागि कृषि तालिम कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

२०.कृषि सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
२१.कृषि उत्पादान प्रबर्द्धन एवं पुरस्कृत गर्न कृषि मेला प्रदशनि कार्यक्रम संचालन गरिनेछ |
२२.उच्च मुल्य हुने कृषि बालि हरुको पहिचान गरि व्यवसायीकरण गर्ने नितिलाई निरन्तरता दिईनेछ ।
२३.रैथाने बालीहरुको बिउ संरक्षण ,खेति बिस्तार र बजारीकरणको लागि बिशेष प्रबन्ध मिलाइनेछ |
२४.कृषक सूचिकरण कार्यलाई निरन्तरता दिइनेछ |
२५.माटोको नमुना परीक्षण कार्यलाई निरन्तरता दिइनेछ |
२६.जैविक मल उत्पादनको लागि गाउँपालिका र हिमालय एग्रोइकोलोजी रिसर्च एण्ड डेभलोप्मेन्ट संस्था सँग सम्झौता बमोजिम जैविक मल उत्पादन कार्यलाई निरन्तरता दिइनेछ ।
२७.कृषि गुरूयोजना वनाई बाझो जमिनको उपयोग गर्न अन्न वालि, तेलहन वालि, फलफुल वालि, मसला, कपास, आलु खेतिका लागि प्रोत्साहन गरिने छ ।
२८.हर्रो, बर्रो, अमाला, चिउरी संरक्षण र विस्तार गरिनेछ ।

**पशुपंक्षी सम्वन्धी निति तथा कार्यक्रम**

२९.कृषि तथा पशुपालनलाई गाउँपालिकाको मुख्य आय आर्जनको आधार स्तम्भ मानिएको छ |
३०.पशुपंक्षी तथा मत्स्यपालनमा कुनै किसिमको रोग व्यथा लाग्न नदिन र कृषकहरुको उत्पादन घट्न नदिन पशु औषधि खरिद गरेर निशुल्क रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ |
३१.गाउँपालिकामा डेरी उत्पादन र खपत बढाएर दुध उत्पादनलाई आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गरिने छ |
३२.पशुपालनमा आवद्ध कृषकहरुलाई उत्पादन र उत्पादकत्व बढाउन विभिन्न खोर तथा गोठ सुधार कार्यक्रम, पशुपालन सामग्री, उपकरण, उन्नत नश्ल वितरण, आदि विशेष अनुदानमा उपलब्ध गराइनेछ|
३३.गाउँपालिका क्षेत्रभित्र सफा, स्वच्छ, र स्वस्थकर मासु र दुग्ध पदार्थ उत्पादन र बिक्रि वितरण गर्न विशेष पहल गरिनेछ |
३४.समस्त पशुपालक कृषकहरुको पालन पद्दति सुदृढिकरण गरी व्यवसायीकरण गर्न नियमित रुपमा अनुगमन कार्यक्रम संचालन गरिनेछ |
३५.कुनै प्रकारको महामारी फैलिन नदिन पशु सेवा शाखा बाट नियमित पशुपंक्षि फर्म तथा कृषक स्थल अवलोकन तथा सर्भेलेन्स गरिनेछ |
३६.कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरि निर्यात योग्य बनाउने निति लिइनेछ ।
३७.पाहा संरक्षण र पालन गर्ने कृषकहरुलाई बजार व्यवस्थापनमा सहयोग गरिनेछ ।

**शिक्षा**

३८.आधारभूत तह (१-५)लाई भूगोल र विद्यार्थी संख्या, आधारभूत तह(६-८) र माध्यामिक तह(९-१०) लाई विषयगत आधारमा दरबन्दी मिलान गरिनेछ |
३९.प्रत्येक बिद्यालयलाइ प्रबिधीमैत्री शिक्षा लागु गरी सम्पूर्ण कागजातहरु डिजिटल बनाइने नीति अवलम्बन गरिनेछ|
४०.गाउँपालिका भित्र संचालनमा रहेका प्राबिधिक तथा व्यवसायिक बिषय अध्ययन गरि रोजगारी तथा व्यवसायका लागि प्रोत्साहनको व्यवस्था गरिनेछ |

४१.बिद्यालय शिक्षालाइ गुणस्तरीय बनाउनु कार्यसम्पादान सम्झैता गरि परिणाममुखी बनाउनु दण्ड र पुरुस्कारको व्यवस्था गर्ने नीति लिइनेछ |

४२.शिक्षक तथा कर्मचारीलाइ पेशागत क्षमता अभिवृद्धि, गर्ने विभिन्न ,प्रबोधिकरण बिषयमा तालिमको लागि आवश्यक व्यवस्था मिलाइनेछ |

४३.स्थानीय मातृभाषा सास्कृतिक बिषय ,सामाजिक , अध्यययन तथा अध्यापन गर्नु गराउनु स्थानीय पाठयक्रम अनुसार पाठ्यपुस्तक छपाई वितरण गरिनेछ ।

४४.उच्च शिक्षा संचालन ,व्यवस्थापनमा आवश्यक समन्वय र सहकार्य गर्ने नीति अवलम्बन लाई निरन्तरता दिइनेछ ।

४५.प्रत्येक बिद्यालय लाई एक बिद्यार्थी एक बिरुवा कार्यक्रम अन्तरगत हरित बिद्यालय बनाउन उत्तप्रेरित गरिनेछ र आन्तरिक कृयाकलाप अन्तर्गत कृषि कर्म संग जोड्ने कार्यक्रम संचालन गर्ने विद्यालयलाई अभिप्रेरित गरिनेछ ।

४६.प्रत्येक सामुदायिक बिद्यालयको दैनिक, मासिक, त्रैमासिक, अर्धबार्षिक र बार्षिक गतिबिधी तथा कार्य संचालन क्रियाकलापलाइ बिद्यालयको अनुगमन तथा मूल्यांकन प्रणाली अवलम्बन गरिने नीति लिइनेछ |

४७.बिद्यार्थीको शैक्षिक स्तर वृद्धि गर्नु स्थानीय स्तरको शैक्षिक सामाग्री निर्माण ,संकलन ,कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद गरि बितरण गर्ने साथै खेलकुद बिकासका लागि आवश्यक सामाग्री खरिद गरि बितरण गरिने नीति अवलम्बन गरिनेछ ।

४८.प्रत्येक बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको नेतृत्व क्षमता विकास गरी संस्कारीक , जिम्मेवार, अनुशासित नैतिकवान र सहभागीता अभिबृद्धि गर्न स्काउट, जुनियर रेडक्रम सर्कल ,युवा रेडक्रस सर्कल , बाल क्लव ,युवा क्लवलाई सक्षम बनाउँदै लगिनेछ ।

४९.शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

५०.विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

५१.विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

५२.विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

५३.किशोरीहरुका लागि सेनिटरी प्याडको वितरणको व्यवस्था प्रभावकारी बनाइने छ । साथै प्रयोग पछाडिको व्यवस्थापन विद्यालयहरुले नै गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

५४.शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना दर शत प्रतिशत कायम गरि विद्यालय छाड्ने दर न्यून राख्न विद्यार्थी अभिभावक उत्प्रेरणा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५५.दिवा खाजा कार्यक्रम व्यवस्थित गर्न जंक फुडलाई निरुत्साहित गर्न स्थानीय रुपमा उत्पादित खाद्य पदार्थलाई उपयोग गर्ने नीतिलाई अवलम्बन गरिनेछ।

५६.शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) अनिवार्य गर्ने निति अवलम्वन गरिनेछ ।

५७.अभिभावक विहिन र विपन्न परिवारका सन्तानलाई आवासीय पठन पाठनको व्यवस्था मिलाइने छ

**संस्कृति सम्बन्धी  नीति तथा कार्यक्रम**

५८.गाउँपालिकाले भाषा साहित्य कला संस्कृतिको संरक्षण तथा सम्बर्धनको निति लिइने छ ।

५९.गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता प्रतिबिम्वहरु निर्माण गरिनेछ।

६०.गाउँपालिका भित्र आयोजना हुने मेला, प्रर्दशनी तथा महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रदर्शन गर्ने नीति लाई निरन्तरता दिईनेछ ।

६१.पराम्परागत शिपको  संरक्षण तथा प्रवर्धन गरिनेछ |

६२.गाउँपालिका भित्र रहेका पुरनो मठ मन्दिरहरुलाई पुरातात्वीक विभाग संगको सहकार्यमा निर्माण गरिनेछ ।

**युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

६३.रास्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइने छ |

६४.विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

६५.वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

६६.युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। जसमा कृषि उत्पादनलाई प्राथमिकता दिइनेछ ।

६७.गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

३३.लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी रणनिति बनाई कार्यान्वयन गरिनेछ ।

६८.महिला दलित आदिवासी जनजाति र सामाजिक ,अति गरिब ,भूमिहिन ,अल्पसंख्यक बालबालिका , बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

६९.ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७०.ज्येष्ठ नागरिकको पालन पोषण,संरक्षण र सुरक्षा गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

७१. ७५ बर्ष माथीका बृद्ध वृद्धाहरुलाई सहुलियत दरमा तथा गर्भवती र सुत्केरी महिलाहरुलाई निशुल्क प्रदान गरिएको एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ |

७२.सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीतिलाई निरन्तरता दिइनेछ।

७३.महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७४.गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

७५.गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

७६.सबै वडामा जेष्ट नागरिक उपचार कार्यक्रम संचालन गरिनेछ |

**स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

नेपालको संबिधान २०७२ ले ब्यवस्था गरे अनुसार स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा लिईएको र सबै नेपालीहरुलाई गुणस्तरीय अधारभूत स्वास्थ्य सेवा प्रदानगरी नेपाली जनताको स्वास्थ्य स्थितीमा अपेक्षित सुधार ल्याई स्वस्थ जीवनयापन गर्न संघीय सरकार र प्रादेशिक सरकारले नीति तथा कार्यक्रम ल्याई संचालन गरिरहेकामा स्वास्थ्य सेवाका प्रबर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय सेवालाई अझ प्रभावकारी, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकाले संघिय सरकार र प्रादेशिक सरकारको नीति तथा कार्यक्रमलाई सहयोग पुग्नेगरी कार्यक्रम संचालन गर्न निम्न नीति तय गरिएको छ ।

७७.यस गाउँपालिकामा रहेका विपन्न, गरिव, पछाडी पारिएका जेष्ठ नागरिक, महिला, अपाङ्ग तथा नेपाल सरकारले निशुल्क वितरणका लागि तोकेका औषधीहरु साथै नसर्ने रोगहरुका औषधीहरु निशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७८.स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरि औषधी समेत उपलव्ध गराईनेछ ।

७९.आङ्ग खसेका महिलाहरुको पहिचान गरि निशुल्क उपचारको कार्यलाई निरन्तरता दिइनेछ |

८०.निर्माणाधिन १५ बेडको चिसापानी अस्पतालको पुर्वाधार निर्माणलाई तिव्रता दिदै आवश्यक जनशक्तिको व्यवस्थापन प्रदेश र संघीय सरकार सँग समन्वय गरी तोकएकै समयमा अस्पताल संचालन गर्न पहल गरिने छ।

८१.गर्भवति महिलाको लागि ग्रामिण भिडियो एक्स-रे कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ, साथै पाठेघरको क्यान्सरको जाँच (VIA test) लाई निरन्तरता दिइनेछ।

८२.सुरक्षित मातृत्वलाई पहिलो प्राथमिकता दिइ गर्भाअवस्थाको पहिलो महिनाबाट नै स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रको प्रत्यक्ष निगरानी बमोजिम स्वास्थ्य संस्थामै प्रसुती हुने अवस्थालाई प्रोत्साहन गर्न आवश्यक भत्ताको ब्यवस्थालाई निरन्तरता दिइनेछ |

८३.पालिका भित्र रहेका सुत्केरी आमाहरुको नियमअनुसार घर भेट जाच कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८४.स्थानिय स्तरमा उत्पादन हुने पोषण युक्त खानालाई व्यहारमा परिर्वतन गर्न सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

८५.पालिका भित्रका जन्मे देखी २४ महिना सम्मका सम्पुर्ण बालबालिकाहरुलाई नियमित मासिक रुपमा तौल अनुगमन गर्ने नितिको लागि पहल गरिने छ ।

८६.यस जन्तेढुङ्गा गाउपालिका भित्रका बिरामी गर्भवती तथा सुत्केरी ओसार पसार गर्न साथै रेफर भएका बिरामीहरु सम्बन्धित ठाउँ सम्म पुर्याउनको लागी एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ |

८७.सरकारले निर्धारण गरेको विपन्न नागरिक औषाधि उपचार सम्बन्धि मृगौला रोग, मुटु रोग,क्यान्सर,पार्किन्स, अल्जाईमर, स्पाईनल ईन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया सम्बन्धि जटिल प्रकृतिका रोगको उपचारकालागी बिरामीलाइ उपचारको पहुँच सम्म पुर्याउन आवश्यक आर्थिक सहयोगको ब्यवस्थालाई निरन्तरता दिईने छ ।

८८. सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिरहेकोमा त्यसलाई अझै प्रभावकारी रुपमा ब्यवस्थित गरिनेछ ।

८९.प्राथमिक स्वास्थ्य केन्द्रको आकस्मिक सेवालाई अझ प्रभावकारी रुपले सेवा दिनको लागी कर्मचारीहरुको नियम अनुसार पाउने ईमरजेन्सी भत्ता रकम लाई निरन्तरता दिइनेछ |

९०. स्वास्थ्य प्रबर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय सेवालाई प्रभावकारी रुपमा संचालन गर्न कार्यक्रम बिस्तार गरिनेछ ।

९१. सुरक्षित मातृत्व, नबजात शिशु, बाल स्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन्, प्रौढ तथा जेष्ठ नागरिकको सेवालाई निरन्तरता दिदै अझ प्रभावकारी रुपमा सेवा विस्तार गरिदै लगिनेछ ।

९२. गाउँपालिका बासी सबै नागरिकलाई आकस्मिक सेवाको पहुँचमा सुनिश्चित गरिदै लगिनेछ।

९३. गाउँघर क्लिनिक र खोप क्लिनिक लाई ब्यवस्थित गरिदै लगिनेछ र क्लिनिक संचालन गर्ने स्वास्थ्य कर्मीलाई प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।

९४. क्षयरोग खोजपड्ताल कार्यक्रम सबै वडामा बिस्तार गरिदै लगिनेछ।

९५. महिलाहरुको प्रजनन स्वास्थ्य सम्बन्धी सम्पूर्ण समस्याहरुको खोजपड्ताल गरी उपचारको ब्यबस्था गरिनेछ ।

९६. स्वास्थ्य सम्बन्धी बिभिन्न समस्याहरुको लागि निशुल्क स्वास्थ्य सिबिरहरु संचालनका गर्ने कार्यलाई निरन्तता दिइनेछ ।

९७. गाउँपालिकाका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यलाई निरन्तता दिइनेछ ।

९८. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिमलाई निरन्तरता दिइनेछ ।

९९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१००. सुनौलो हजार दिने आमाहरुको पोषण सुधारका लागि वडा भेट कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१०१. सुरक्षित गर्भपतन सेवालाई सुचिकृत स्वास्थ्य संस्थाबाट गरिने सेवा प्रवाह ९ हप्ता सम्मको गर्भपतन सेवा लाई निरन्तरता दिने साथै ९ हप्ता देखि १२ हप्ता सम्मको गर्भपतन सेवा लाई प्राथमिक स्वास्थ्य केन्द्रबाट गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१०२. खोपको शुनिश्चितता र दिगोपनालाई कार्यान्वयन गरिनेछ।

१०३. गाउँपालिकाको प्रशासकीय भवनमा स्तनपान कक्षको संचालन गरिने छ ।

**आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१०४. स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ

१०५. समग्र आर्थिक गतिविधि चलायमान बनाउन र आर्थिक क्रियाकलापको स्तर मापनका लागि आर्थिक सर्वेक्षण गरिनेछ।

१०६. कृषक सञ्जाललाई आर्थिक विकासको मेरूदण्डका रूपमा सहकार्य गरिनेछ ।

१०७. स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी/समुदाय/समुह समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेकार्यलाई निरन्तरता दिइनेछ ।

१०८. दलित समुदाय लक्षित कृषक समूह निर्माण गर्दै आवश्यक सहयोग गरिनेछ ।

१०९. राजश्व सुधार कार्ययोजनालाई लागु गरिनेछ ।

**उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

११०.	औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।

१११.	उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

११२.	लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

११३.	सम्पूर्ण स्वदेशी कच्चा पदार्थ उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

११४.	पर्यटन पुर्वाधार निर्माणलाई निरन्तरता दिईनेछ ।

११५.	विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन स्थानीयहरुलाई होमस्टे सम्बन्धि तालिम प्रदान गरिनेछ |

११६.	मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न होडीङ्ग वोर्ड राखिनेछ।

११७.	अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

११८.	स्थानीय स्तरमा बसोबास गर्ने बेरोजगार तथा उद्यम ब्यबसाय संचालन गर्न इच्छुक व्यक्तिहरुलाई उद्यमशिलता तालिम दिइनेछ |

११९.	स्थानीय स्तरमा भएका कच्चापदार्थको सदुपयोग गरि उद्यमशिलता तालिम लिने व्यक्तिहरुलाई प्राविधिक सिप विकास तालिम दिइनेछ |

१२०.	पुराना लघुउद्यमीहरुलाई पुनरताजगि तालिम दिइनेछ |

१२१.	उद्यमीहरुले उत्पादन गरेका सामान बिक्री वितरणका लागि साझा सुबिधा केन्द्र(कोसेली घर) स्थापना गरिनेछ |

१२२.	प्राविधिक सिपविकास तालिम लिईएका व्यक्तिहरुलाई ब्यबसाय संचालन गर्न आवश्यक पर्ने ऋणको बारेमा जानकारीको लागि लघुबित्त संस्था वा बैंक सँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ |

१२३.	ऐतिहासिक, धार्मिक, भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण गरिनेछ |

१२४.	बार्षिक २० लाख भन्दा बढी कारोबार गर्ने व्यवसायी र पेट्रोलियम पदार्थको व्यवसायिक कारोवार गर्ने व्यवसायीले अनिवार्य अग्नी नियन्त्रक यन्त्र (Fire extinguisher) राख्नु पर्ने नीति लिइएको छ ।

**सहकारी/समुह सम्बन्धी नीति तथा कार्यक्रम**

१२५.	सहकारी/समुह संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेप कर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

१२६.	गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

१२७.	सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

१२८.	कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कार्यान्वयन गरिनेछ।

१२९. व्यवस्थापकिय क्षमता अभिवृद्धिको लागि लातिम संचालन गरिने छ ।

१३०. विषयगत सहकारीहरुलाई क्षमता अभिवृद्धि तथा नेतृत्व विकास जस्ता कार्यक्रम संचालन गरिनेछ |

१३१. सहकारी संचालनलाई कडाइका साथ नियमन गरिनेछ |

**सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१३२. गाउँपालिका तथा वडा कार्यालयहरुलाई सूचना मैत्री बनाईनेछ|

१३३. गाउँपालिकाका ६ वटै वडा कार्यालयहरुमा राजस्व संकलनका लागि राजस्व व्यवस्थापन प्रणालीलाई सञ्चालन गरिनेछ ।

१३४. सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई Paperless Governance को अवधारणा विकास गरिनेछ।

१३५. जनतामा सूचना सेवा तथा अन्य महत्वपूर्ण जानकारी पुर्याउन सम्भव भएसम्म Bulk SMS मार्फत जानकारी कार्यलाई निरन्तरता दिइनेछ |

१३६. "सुरक्षित सूचना प्रविधि सबैको हातमा, पालिका तपाईको साथमा" भन्ने नाराका साथ गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधि सँग जोड्ने नीतिलाई निरन्तरता गरिनेछ ।

१३७. महिला, दलित समुदायलाई सूचना प्रविधिमा पहुँच बढाउनका निम्ति सूचना प्रविधि साक्षरता कार्यक्रम लागु गरिनेछ |

१३८. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

**न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१३९. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

१४०. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१४१. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

१४२. छुवाछुत मुक्त गाउँपालिका घोषणा गरिनेछ ।

१४३. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

१४४. सामान्य विवाद समाधान वडा स्थारिय मेलमिलाप केन्द्रबाटै गर्न मेलमिलाप कर्तालाई तालिमको ब्यबस्था गरिनेछ |

१४५. कानुन पुनरालोकन गरि विद्यमान ऐन, नियामावलि, कार्यविधि र निर्देशिका खारेजी संसोधन पुनरलेखन आवस्यकता अनुसार नयाँ निर्माण गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पंजीकरणः**

१४६. पञ्जिकरण सम्बन्धी सम्पूर्ण कामहरु अनिवार्य अनलाईन गरिने छ ।

१४७. व्यक्तिगत घटना दर्ता किताब डिजिटाईजेशन गरिनेछ।

१४८. अपाङ्ग रोकथाम तथा पुर्णस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१४९. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

१५०. प्रत्येक चौमासिकको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

१५१. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१५२. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

१५३. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

१५४. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणाली पुर्ण रुपमा लागु गरिनेछ ।

१५५. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१५६. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१५७. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५८. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१५९. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१६०. माहानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सँग बिबिध विषयमा सहयोग आदान प्रदान गर्ने गरि भगिनी सम्बन्ध स्थापित गरी सहकार्य गर्ने नीति लिइनेछ |

१६१. गाउँपालिका अन्तरगत रहेका संगठित सेवा प्रवाह गर्ने सम्पुर्ण कार्यालय, विद्यालय संघ संस्थामा रहेका सेवा प्रवाहिहरुको अनुपस्थित दरलाई शुन्य बनाउन कडाइका साथ अनुगमन गरिनेछ ।

१६२. नागरिक र जननिर्वाचित संस्थालाई सेवा प्रवाहमा अवरोध तथा असहयोग गरी सेवा नगर्ने नगराउने कर्मचारी, जनप्रतिनिधि शिक्षकलाई नियम अनुसार द्रुत कार्वाही प्रकृया अघि वढाउने नीति लिइनेछ ।

**वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**खानेपानी तथा सरसफाई**

१६३. खानेपानीको जटिलतम समस्याको तत्कालिन , अल्पकालिन दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा हालसंचालनमा रहेको जन्तेढुङ्गा खानेपानी आयोजनालाई ब्यबस्थित गरि वितरणको ब्यवस्था मिलाइनेछ ।

१६४. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

१६५. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

१६६. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

१६७. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१६८. शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक, ) गरिनेछ ।

१६९. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

१७०. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१७१. फोहोर ब्यबस्थापनको लागी कार्यविधि बनाई लागु गरिनेछ ।

१७२. उन्नत घासको विउ उपलब्ध गराई विस्तार गरिने छ रैथाने प्रजातिको संरक्षण र प्रवर्धन वन संगको सहकार्यमा विस्तार गरिने छ।

१७३. जलवायु परिवर्तनको प्रवाभ नियुनिकरण गर्न कृषि वन प्रणालिको प्रवर्दन र संवर्दन गर्ने निति लिईनेछ ।

१७४. कफि कृषि वन कार्वन विसर्जन परियोजना संग सहकार्य गरि कार्यक्रम संचालन गरिनेछ ।

१७५. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ ।

१७६. ढुङ्गा, गिटि र बालुवाको लागि बुवाखोलामा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ ।

१७७. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

१७८. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

१७९. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

१८०. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

१८१. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१८२. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

१८३. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

**भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, विद्युत, सिचाई, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१८४. चिसापानि वजार ढल ढलानको कार्यलाई संचालन गरिनेछ।

१८५. चिसापानि-मैबावोटे-पौवासेरा-वंशिलाघाट तराईसंग जोड्ने सडक छिमेकि वराहपोखरी गाउँपालिका संग समन्वय गरि स्तरउन्नती गरिनेछ।

१८६. सडक योजना तयार पर्ने, सडकको वर्गीकरण गर्ने Origin And Destination survey मार्फत गाउँपालिका भित्रका सडकहरुको वर्गीकरण गरी अन्तर पालिका जोड्ने, अन्तर वडा जोड्ने सडक तथा अन्य वडा स्तरीय सडकको वर्गीकरण गर्ने तथा सडकको क्षेत्राधिकार कायम गरिनेछ।

१८७. उल्लेखित वर्गीकरण अनुसार गर्नुपर्ने योजनाहरुको प्राथमिकिकरण गर्ने, मुख्य रणनैतिक सडक १२ महिना नै संचालन हुने गरि स्तोरन्नति गर्ने तथा अन्तरपालिका जोड्ने सडकको अवस्था सुधार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१८८. प्राविधिक तथा भौगोलिक अध्ययन गरे पश्चात मात्र सडक योजना कार्यन्वयन गरिनेछ।

१८९. सडकको काममा अनिवार्य श्रमदानको व्यवस्था श्रमदान वापत उपभोक्ता समितिद्वारा नाली कटान तथा सोलिंग गरिने कार्य अनिवार्य गरिनेछ।

१९०. गाउँपालिकाका आर्थिक, सामाजिक, विकासका लागि रणनीतिक महत्वका सबैं सडकहरुलाई स्तोरन्नती गरि बर्षेभरि यातायात सन्चालन हुनसक्ने सडक पूर्वाधार विकास गरिनेछ।

१९१. नातिजामुलक योजना कार्यान्वन र प्रभावकारी योजनागत अनुगमनलाई अवलम्बन गरिनेछ।

१९२. ब्यवास्थापकीय, प्रशासकीय तथा प्राविधिक जटिलताका कारण अलि ठुला आयोजनाहरु उपभोक्ता समितिवाट कार्यान्वयन गर्दा व्यवहारिक कठिनाई हुने देखिएकोले रु.२० लाख भन्दा माथिका पूर्वाधार निर्माण योजनाहरु सम्बन्धित वडाको पूर्ण समन्वयनमा प्रविधिक स्टिमेट गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र आहवान गरी ठेक्काबाट संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९३. दुई पक्षिय लगानिमा संचालित योजना भने सोहि सम्झैता बमोजिम संचालन गरिनेछ।

१९४. गाउँपालिकाले भूउपयोग क्षेत्र निर्धारण गरिएको क्षेत्रमा वस्ती विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरि आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रुपमा संचालन गरिनेछ।

१९५. विगत देखिका निर्माणाधीन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

१९६. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भुमि ब्यावस्थापन तथा भवन नियमन सम्बन्धि ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१९७. भवन निर्माण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिनेछ।

१९८. गाउँपालिका भित्र भू-उपयोग नीति लागु गर्दैं जाने नीति लिइनेछ।

१९९. पूर्ण विद्युतीकरणको कार्यलाई सम्पन्न गर्न निगरानी तथा समन्वय गरिनेछ |

२००. निर्माणाधीन जन्तेढुङ्गा पार्कको कार्यलाई सम्पन्न गर्न आवश्यक पहल गरिनेछ |

२०१. ट्र्याक खोलि सकेका स्थानीय सडकहरुको सम्मान्य मर्मत सम्भार मर्मत सम्भार कोष बाट गरिने नीति लिईएको छ |

२०२. धार्मिक तथा प्राकृतिक पर्यटकिय क्षेत्रको भैतिक पुर्वाधार तथा व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

२०३. शहिद पार्क र होड्मा पोखरी संरक्षण, सैन्दर्यकरणको निम्ती निजि क्षेत्रलाई आकर्षण गर्ने नीति लिइनेछ ।

२०४. आवश्यकता अनुसार नया सडक ट्र्याकको निर्माण गरिनेछ |

**रोजगारी तथा आर्थिक विकासः**

२०५. नेपाल सरकार प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त बजेटबाट रोजगारी सिर्जना गर्ने नीति लिइएको छ ।

२०६. संघिय सरकार बाट सुचिकृत बेरोजगारलाई काममा लगाउन ससर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण सामग्री खरिदको लागि व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२०७. रोजगार सूचना व्यस्थापन प्रणालीको स्थापना गरि सम्पूर्ण बेरोजगार व्यक्तिहरुको तथ्यांकलाई व्यवस्थित गरिने छ।

२०८. बेरोजगारहरुको ज्ञान, सीप योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीपविकास तालिमको पहिचान गरि सम्बन्धी तालिम केन्द्रमा सिफारिस गरिने छ ।

२०९. स्थानीय स्तरमा रोजगारी सृजनाका लागि निजी, सरकारी र गैरसरकारी क्षेत्रसंग आवश्यक सहकार्य गरि थप रोजगारी सृजना गरिने छ ।

२१०. बेरोजगार व्यक्तिका लागि बैंक तथा अन्य वितिय संस्थामार्फत सहुलियतपूर्ण ऋण उपलव्ध गराउन आवश्यक सहयोग गरिने छ ।

२११. स्थानीय स्तरमा रोजगारी सृजना गर्नका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गर्दै यस गा.पा.को रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ।

२१२. जन्तेढुङ्गा गाउपालिकाको रोजगार रणनिति निर्माण गरी लागु गरिने छ|

२१३. जन्तेढुङ्गा गाउँपालिकामा गाँजाखेति सम्भाव्यता अध्ययन गर्न संघिय सरकार सँग अनुरोध गरिनेछ |

२१४. जन श्रमदान जन्तेढुङ्गाको अभियान मूल नाराका साथ हप्तामा आफ्नो समुदायलाई निशुल्क श्रमदान गरि सामाजिक कार्यमा संलग्न हुन उत्प्रेरित गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

२१५. उत्पादनमा आधारित रोजगारीलाई प्राथमिकता दिइने नीति अवलम्बन गरिनेछ ।

**राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

२१६. आन्तरिक आय व्यवस्थापन प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी , राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२१७. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

२१८. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

२१९. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

२२०. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

२२१. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र कृषि जन्य वन पैदवारको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी समन्वय र सहकार्यमा व्यवस्थापन गरिनेछ ।

२२२. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

२२३. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

२२४. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

२२५. गाउँपालिकामा दर्ता नभई संचालन गरिएका पसल, ब्यपार, ब्यबसायलाई दर्ता प्रक्रियामा कडाइका साथ दर्ता गर्न नीति लागु गरिनेछ |

२२६. वन जन्य निकासिलाई करको दायारामा ल्याइनेछ ।

२२७. सम्पति कर, भुमि कर, वाहल कर नियमित र अनिवार्य गरिने नीति लिईनेछ ।

**धन्यवाद**

अरूणा देवी राई
अध्यक्ष

९ असार, २०८१